नेपाल सरकार
# बर्दिबास नगरपालिका कार्यालय
बर्दिबास, महोत्तरी

पत्र संख्या :०७२।०७३
च.नं :-

मिति : २०७२।११।१४

**सूचना !** **सूचना !!** **सूचना !!!**

उपरोक्त सम्वन्धमा यस कार्यालयमा मिति २०७२/११/१३ गतेका दिन बर्दिवास नगरपालिका क्षेत्रको फोहरमैला व्यवस्थापन, सडक अतिक्रमण नियन्त्रण, ट्राफिक व्यवस्थापन लगायत विविध विषयमा छलफल गर्न बसेको सर्वदलिय, सर्वपक्षिय बैठकले तपसिल बमोजिम निर्णय गरेकोले सो अनुसार गर्नु गराउनु पर्ने भएकाले सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. तोकिएको स्थान बाहेक सडक र सडक पेटी अतिक्रमण गरी तरकारी, माछामासु, फलफूल लगायत व्यापार व्यवशाय गर्न नपाउने । माछा मासु पसलेले सार्वजनिक स्थानमा माछा, कुखुरा, खसी लगायत पशु पन्छी नकाटी/बध नगरी अन्यत्र काटी पसल भित्र मात्र बेचविखन गर्न पाउने ।
२. घर वा पसल अगाडीको फोहर सम्वन्धित धनीले सफा गरी आफैले नगरपालिकाको फोहर फ्याल्ने गाडीमा राखी दिने र नगरपालिकाले फोहर फ्याल्ने ठाँउ (ल्याण्ड फिल साईट)मा लगी व्यवस्थापन गर्ने ।
३. सवारी साधनबाट निस्कने फोहरमैला सवारी धनी, यातायात व्यवशायी वा कम्पनीले उचित व्यवस्थापन गरी नगरपालिकाको फोहर फ्याल्ने गाडीमा राख्ने/राख्न लगाउने व्यवस्था गर्ने ।
४. पूर्व पश्चिम राजमार्ग, बनेपा-सिन्धुली-बनेपा सडक योजना, बर्दिवास जलेश्वर सडकमा चल्ने सवारी साधनहरु निश्चित बस विसौनी वाहेक जथाभावी स्थानमा रोक्ने, यात्रु ओराल्ने, चढाउने, काउन्टर खडा गर्ने गरेका कारण सवारी अव्यवस्थित भई सवारी दुर्घटना बढ्दै गएकोले उचित सवारी व्यवस्थापनको लागि तपसिल अनुसार गर्ने ।
   क) पूर्व पश्चिम राजमार्गमा चल्ने सवारी साधनलाई पूर्व तर्फ पुरानै वस स्टप र पश्चिम तर्फ औरही पुरानो राजमार्ग भन्दा पश्चिम तर्फ मात्र बस विसाउनी (स्टप) गर्ने ।
   ख) बर्दिवास औरही चल्ने सवारी साधनलाई शुभस्वस्तिक अस्पताल दक्षिण पूर्व तर्फ मात्र यात्रु ओराल्नको लागि बस विसाउनी (स्टप) गर्ने ।
   ग बर्दिवास-सिन्धुली चल्ने सवारी साधनलाई बर्दिवास सिन्धुली बनेपा सडक योजनाले निर्माण गरेको बस विसाउनी (स्टप) मा मात्र यात्रु ओराल्न चढाउन दिने ।
   घ) ठूला सवारी साधन पार्किङ्गको लागि हाल निर्माण भएको दाहाल्नी खोल्सी पूर्व उत्तर तर्फ रहेको बसपार्कमा पार्किङ्ग गर्ने, नअटेमा गौरीडाँडा स्थित सडक कार्यालयको जग्गामा वस राख्न सडक डिभिजन कार्यालयलाई अनुरोध गरी व्यवस्था गर्ने, मिलाईने ।
   ङ) साना सवारी साधनको हकमा बर्दिवास चोक नजिक निजी जग्गामा सशुल्क बसपार्कको व्यवस्था गर्ने र सो व्यवस्था नभए सम्मका लागि साझा संस्था/सहकारीको जग्गामा पार्किङ्ग गर्ने ।
   च) मुख्य सडक र सडक पेटी अतिक्रमण गरी व्यापार व्यवशाय गर्ने, निर्माण सामाग्री थुपार्ने, पशु चौपाया छाडा छोड्ने, होर्डिङ्ग बोर्ड राख्ने कार्यलाई सवै राजनैतिक दल, नागरिक समाज, व्यापारी, प्रहरी प्रशासन, सडक कार्यालय लगायतको सहयोग र समन्वयमा नगरपालिकाले हटाउने ।

उपरोक्त सूचना अनुसार सवैले यथाशीघ्र (७ दिन भित्र) गर्नु गराउनु होला अन्यथा नियमानुसार भई जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

बर्दिवास नगरपालिका
बर्दिवास, महोत्तरी

राम कुमार कार्की
कार्यकारी अधिकृत